# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## किस्पाङ गाउँपालिका, नुवाकोट

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

***Serving the Nation***

***and***

***the People***

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७६/७७ मिति : २०७६/०३/२७
च.नं : ७७७

श्री किस्पाङ गाउँपालिका,
नुवाकोट ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण एने, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बाग्मती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या: ०७६।७७ च.नं.९७१ मिति: २०७७/०३/२५

श्री प्रमुखज्यू,
किस्पाङ गाउँपालिका,
नुवाकोट ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय :** हामीले किस्पाङ गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ करोड ५८ लाख २९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४ लाख ४ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ५४ लाख २५ हजार रहेको छ ।

३.. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/०९/२६ मा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । सो प्रतिवेदन उपर प्राप्त प्रमाण कागजात सहितको प्रतिकृयाका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना १४ यसै साथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, गाउँ प्रमूख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

स्थानीय तह : किस्पाङ गाउंपालिका, नुवाकोट आर्थिक वर्ष : २०७५/७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिकाअर्न्तगत ५ वडा, २९गाउँसभा सदस्य, ८२.५८ वर्ग किलोमिटर क्षेत्रफल तथा १४ हजार ८६१ जनसंख्या रहेको छ।

**स्थानीय संचित कोष:** आर्थिक वर्ष २०७५/७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | | **विवरण** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **गाउँपालिका चालु** | २६११०८८४.१४ |
| | क) बैंक मौज्दात | १६३५४५९६.८८ | २ | **केन्द्रिय सशर्त अनुदान** | ९३२२०६७९.९७ |
| | ख) धरौटी | १८६९९६.०० | ३ | **गाउँपालिका पुँजिगत** | ७४५१०६७३.५० |
| २ | **आन्तरिक आय** | | ४ | **आन्तरिक पुजिगत** | १६२६५२११.५० |
| | क) बहाल कर | ११४८३०.०० | ५ | **स्थानीय पूर्वाधार विकास** | ५५७४६९९.०० |
| | ख) सेवा शुल्क | २७३०००.०० | ६ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | १३५५७२०.०० |
| | ग) सेवा दस्तुर | १४३३९४०.०० | ७ | **जेष्ठ नागरिक र सामाजिक सुरक्षा** | ३३८६९३००.०० |
| | घ) भुमी तथा मालपोत कर | ९२१२७२.२० | ८ | **एल.जी.सी.डि.पि.** | ३०५०००.०० |
| | ड) दण्ड जरीवाना | ११७५००.०० | ९ | **एम्बुलेन्स खरिद** | ०.०० |
| | च) दहत्तरबहत्तर शुल्क | ९८१४०५०.०० | १० | **प्रदेश सशर्त अनुदान** | १८४७५०००.०० |
| ३ | **वित्तीय हस्तान्तरण केन्द्र** | | ११ | **प्रदेश समपुरक अनुदान** | ५५४११६०.०० |
| | क) वित्तीय समानीकरण अनुदान | ६००००००००.०० | १२ | **धरौटी फिर्ता** | ७९६५००.०० |
| | ख) सशर्त अनुदान | १०३४९६०००.०० | १३ | **को.ले.नि.का.मा निकासा फीर्ता** | |
| | ग) राजस्व बाँडफाँड | ३६७५३२७१.०५ | | क) जेष्ठ नागरिक तथा सामाजिक सूरक्षा | ०.०० |
| ४ | **प्रदेश सरकारबाट अनुदान** | | | ख) सशर्त अनुदान | १०२७५३२०.०३ |
| | क) वित्तीय समानीकरण अनुदान | ७६७७०००.०० | | ग) प्रधानमन्त्री रोजगार कार्यक्रम | १४४२८०.०० |
| | ख) सशर्त अनुदान | १८४७५०००.०० | | घ) स्थानीय पूर्वाधार साझेदारी | ०.०० |
| | ग) समपुरक | १००००००००.०० | १४ | **प्रदेश फिर्ता** | |
| | घ) एम्बुलेन्स खरिद | १६०००००.०० | | क) एम्बुलेन्स खरिद | १६०००००.०० |
| | ड) राजस्व बाँडफाँड | ५७७००३०.८० | १८ | **बैंक मौज्दात** | |
| ५ | **स्थानीय पूर्वाधार विकास** | ५५७४६९९.०० | | क) संचित कोष खाता | ७६८३०१२.१६ |
| ६ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | १५०००००.०० | | ख) चालु खर्च खाता | ५४०९५६६.२३ |
| ७ | **एल.जि.सी.डी.पी.** | ३०५०००.०० | | ग) पुजिगत खर्च खाता | १३७०८९८३.४० |
| ८ | **जेष्ठ नागरिक र सामाजिक सुरक्षा** | ३३८६९३००.०० | | घ) धरौटी खाता | २४८९७५९.७४ |
| ९ | **धरौटी** | ३०९९२६३.७४ | | | |
| | **जम्मा** | ३१७३३५७४९.६७ | | **जम्मा** | ३१७३३५७४९.६७ |

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **लेखापरीक्षणबाट असूली :** लेखापरीक्षणको दौरान रु.३४ लाख ८७ हजार र लेखापरीक्षणको प्रारम्भीक प्रतिवेदन पठाएपछि रु.४१ लाख ४९ हजार समेत रु.७६ लाख ३६ हजार असूल भई बेरुजू दाखिला भएको छ । | |
| १. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले लेखापरीक्षण अवधिसम्म यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । त्यसैले आगामी दिनमा गाउँपालिकाले कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।<br>यस सम्बन्धमा गाउँपालिका सँग छलफल गर्दा च.नं.४० मिति २०७६/०४/०१ को पत्रबाट कार्यापालिकाको मिति २०७६/०२/१४ को निर्णाय अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालय, नुवाकोटलाई आन्तरिक लेखापरीक्षण गरिदिनु हुन भनी अनुरोध गरिएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयले जनशक्ति अभाव रहेको कारण जनाई आ. ले. प. गर्न नसकिने भनी जानकारी दिएको कार्यालयको भनाई रहेको छ । | |
| २. | **वित्तीय विवरण :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकालेप्रत्येक वर्ष श्रावण१ गते देखि आगामि वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । साथैगाउँपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br>● स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम पालीकामा प्राप्त हुने आन्तरिक आय , राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्ने स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा , वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ७६(२) मा गाउँपालिकाले कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वकृति भए वमोजिमको NEPSAS basedढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । नियमानुसारको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।<br>● गाउँपालिकाले आ.व.०७५।०७६को आय व्ययको वर्गीकरण गाउँको, मलेप फाराम नं. १३, १४, १५ लगायतको मासिक मास्केवारी विवरणहरु तयार गरेको छैन । तसर्थ गाउँपालिकाले तोकिएको ढाँचामा आर्थिक विवरणहरु र तोकिएका म.ले.प. फाराम हरु तयार गरी आम्दानी खर्चको यथार्थता प्रस्तुत गर्ने गरी स्रेष्ता राख्नुपर्दछ । | |
| ३. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>● गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको ।<br>● गाउँपालिकाको जिन्सी सामानको एकीकृत विवरणमा कतिपय जिन्सी समानहरुको साहायक जिन्सी खाता बेगर वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको देखाईएको छ भने मूल जिन्सी खाता अध्यावधिक गरेको देखिएन ।<br>● कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको । | |

| | | |
|---|---|---|
| | ● कतिपय श्रेस्ता कागजात कार्यालय प्रमुख तथा सम्बन्धी व्यक्तिबाट प्रमाणीत नभएको ।<br>● विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी देखिएको ।<br>● कार्यालयले कार्यक्रमगत तथा योजनागत खाता नराखेको तथा गाउँपालिकाबाट संचालित कार्यक्रम, योजना संचालन तथा सेवा प्रवाह समेतको वार्षिक प्रगति प्रतिवेदन तयार गरेको देखिएन् ।<br>● गाउँपालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा सो गरेको छैन ।<br>● महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार एकीकृत आर्थिक संकेत पूर्ण पालना गरेको छैन ।<br><br>त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| ४. | **कर्मचारी व्यवस्थापन** : स्थानीय सरकार संचालन ऐन, २०७४ तथा कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम कर्मचारी समायोजन तथा पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा विभिन्न पदका ३५ दरबन्दी स्वीकृत रहेतापनि लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १७ जना पदपूर्ती भएको देखिन्छ । कार्यालयबाट प्राप्त विवरण अनुसार कार्यालयको समग्र कार्य व्यवस्थापनका दृष्टिकोणले अधिकृत (छैटौ), जनस्वास्थ्य अधिकृत, शिक्षा अधिकृत सहित १८ पदहरु लामो समय देखी रिक्त रहेका छन् । जसबाट गाउँपालिकाले प्रदान गर्ने सेवामा प्रत्यक्ष असर पार्ने देखिन्छ । त्यसैले रिक्त दरबन्दी पदपूर्ती गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ५. | **वडा सचिवको पदपूर्ति :** गाउँपालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।<br><table><tr><td>वडा संख्या</td><td>वडा सचिवको दरवन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>५</td><td>५</td><td>१</td><td>४</td></tr></table>उपरोक्त विवरण अनुसार गाउँपालिकाका ५ वडा सचिवको दरबन्दी रहेकोमा १ जना मात्र पदपूर्ति रहेको छ । वडा सचिव जस्तो जिम्मेवार यथासम्बत पदपुर्ति हुनुपर्दछ । | |
| ६. | **न्यायिक समिति र न्याय सम्पादन :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।<br><table><tr><td>गत आ.व.बाट जिम्मेवारी सरेका</td><td>दर्ता भएका विवाद</td><td>फछ्र्यौट भएका विवाद</td><td>फछ्र्यौट हुन बाँकी विवाद</td></tr><tr><td>०</td><td>७</td><td>७</td><td>०</td></tr></table> | |
| ७. | **चौमासिक खर्च :**कार्यालयले स्वीकृत बार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा अनुपात मिलाई खर्च गर्नुपर्नेमा कार्यालयले यो बर्ष पूँजीगत शिर्षकमा गरेको कुल खर्च रु.९ करोड ६३ लाख १७हजारमध्ये प्रथम चौमासिकमा रु.३ लाख ८८ हजार अर्थात ०.४० प्रतिशत, दोस्रो चौमासिकमा रु.४४ लाख ५९ हजार अर्थात ४.६३ प्रतिशत र तेस्रो चौमासिकमा रु.९ करोड १४ लाख ७० हजार अर्थात९४.९७प्रतिशत खर्च गरेको छ । कुल खर्चमध्ये आषाढ महिनामा मात्र रु.६ करोड ३६ लाख १३ हजार अर्थात ६६.०५ प्रतिशत खर्च गरेको छ । कार्यालयले आर्थिक बर्षको अन्त्यमा मात्र बढी भार पर्ने गरी पुँजीगत खर्च गरेको पाइयो । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा तोकिएको लक्षित कार्य सोही अनुरुप सम्पन्न गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| | **ब.उ.शी.नं. समानिकरण चालु** | |
| ८. | **तलवी प्रतिवेदन:-**निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलवी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलव खर्च लेख्नु पर्नेमा कार्यालयले आन्तरिक लेखापरीक्षण शाखा गठन गाउँको र आन्तरिक लेखापरीक्षण समेत गराएको छैन । कार्यालयले आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था मिलाई आन्तरिक लेखापरीक्षण गराउने र कर्मचारीको तलवी प्रतिवेदन समेत पारित गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |

९. **भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन:** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरि भ्रमण प्रतिबेदन साथ आवश्यक बिल भरपाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्नेछ भन्ने व्यहोरा उल्लेख छ। साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण बिल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन भने भ्रमण प्रतिबेदन समेत पेश गरेको देखिएन । यसबाट अनुगमन तथा मुल्याँकन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ ।

१०. **मर्मत अभिलेख:**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ अनुसार मालसामान मर्मत सम्भार गर्ने गराउने कार्यविधिमा कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भए सो को लिखित जानकारी त्यस्तो मालसामानको उपयोगकर्ताले सो निकायको प्रमुखलाई दिनुपर्ने र सोको लागत अनुमान तयार गरी स्वीकृत गराउनुपर्ने, प्रतिस्थापन गरीएको सामानको सम्वन्धित प्राविधिकबाट प्रमाणीत गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने छ भनि उल्लेख भएको साथै चल्ति सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख राख्नुपर्ने प्रावधान रहेकोमा कार्यालयले मर्मत सम्भार गर्दाको म.ले.प.फा.न.२ मा अभिलेख राखेको छैन भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ को कार्यविधि पुरा समेत गरेको पाइएन ।

११. **स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाउँ सभाका पदाधिकारी तथा गाउँ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था छ । सोही व्यवस्था अनुसार प्रदेश नं. ३ को प्रदेश सभाबाट पारित भई मिति २०७५ बैशाख १० को प्रदेश राजपत्रमा स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारी तथा सभाका सदस्यहरु आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम शुरु गरेको मिति देखि अनुसूचि-१ बमोजिमको सुविधा पाउने व्यवस्था छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार गाउँपालिकाबाट यस वर्ष देहाय बमोजिम रु.२१,८६,०००.०० सुविधा वापत भुक्तानी भएको छ ।

| पदाधिकारी | मासिक सुविधा | सञ्चारसुविधा( मासिक) | खर्च(१२महिनाको) |
|---|---|---|---|
| प्रमुख | ३००००।- | १५००।- | ३७८०००.०० |
| उपप्रमुख | २५०००।- | १०००।- | ३१२०००.०० |
| वडा अध्यक्ष ५ जना | २००००।- | ८००।- | १०४०००.०० |
| कार्यपालिका ६ सदस्य | ६०००।- | - | ४३२०००.०० |
| सभाका सदस्य १६ जना | ५०००।- | - | ९६००००.०० |
| | | जम्मा:- | २१८६०००.०० |

१२. **गाडी भाडा :-**कार्यालयलको दैनिक कामकारवाहीको लागि भनी निम्न गाडी धनीहरुसँग पटक पटक संझौता गरीप्रति महिना रु १३०००० का दर ले भुक्तानी दिने गरी एक बर्ष सम्मको लागि गाडी भाडामा लिई देहाय बमोजिमको वार्षिक भाडा रु.१५६००००।- खर्च लेखेको छ । कार्यालयको कामको प्रकृति र कार्य व्यस्तताको दृष्टिकोणले कार्यालय प्रयोजनको लागि भाडाको सवारी साधन प्रयोग गर्नु भन्दा बार्षिक भाडामा खर्च हुने रकमले सवारी साधन नै खरीद गरी प्रयोग गर्दा मितव्ययी तथा किफायती एवं कार्य प्रकृति अनुकूल हुने देखिन्छ । यस सम्बन्धमा कार्यालयले ध्यान पुरयाउनु पर्ने हुन्छ ।

| क्र.सं. | गाडी धनी | करार अवधि | भाडा |
|---|---|---|---|
| १. | टेक बहादुर कार्की, मोरङ्ग | २०७५।४।१ देखि २०७५।६।३० | ३९००००।- |
| २. | चेतराज बजगाई | २०७५।७।१ देखि २०७६।३।३० | ११७००००।- |
| | | जम्मा:- | १५६००००।- |

१३. **प्रधानमन्त्री रोजगार कार्यक्रम** : प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यक्रम संचालन निर्देशिका, २०७५ अनुसार स्थानीय स्तरमा उपलब्ध जनशक्तिको अधिकतम् उपयोग गदै आर्थिक विकासमा योगदान पुर्‍याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उल्लेख छ । साथै सोही निर्देशिकाको दफा ५ मा न्यूनतम रोजगारीको प्रत्याभुति, आन्तरिक रोजगारी प्रवर्द्धन, अन्तर निकाय समन्वयमा थप रोजगारीको अवस्था सिर्जना तथा नयाँ रोजगारीका क्षेत्र पहिचान गरी कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ। तर गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको वेरोजगारहरुको तथ्यांक अध्यावधिक गरी उपलब्ध श्रोत साधन तथा बजेटको अधिकतम्

सदुपयोग हुनेगरी स्थानीय स्तरमा दिर्घकालिन रोजगारी सिर्जना गर्ने कार्यक्रमको छनौट तथा खर्च गर्नुपर्नेमा गाउँपालिकाबाट प्राप्त विवरण अनुसार सडक नाली निर्माण, सडक, कुलो, सिढी तथा नाली सरसफाई र वृक्षारोपण लगायतका कार्यमा रु.१५ लाख खर्च लेखेएको छ । तर स्थानीय सिपको प्रयोग तथा दिर्घकालिन रोजगारी सिर्जना हुने गरी वेरोजगारको क्षमता विकास तथा सिप सिकाई सम्बन्धी कार्य भएको पाईएन् ।त्यसैले आगामि दिनमा गाउँपालिकाले यस प्रकारका निर्माण कार्य गर्दा चेनेज खुलेको प्राविधिक लागत अनुमान सहित, निर्माण कार्यको गुणस्तर तथा कार्य सम्पन्न पश्चात् प्राविधिक मूल्यांकन समावेश गरी तोकिए बमोजिमको बजेट सिमा भित्र रही उद्देश्य बमोजिमका कार्यमा खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१४. **योजना र कार्यान्वयन -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामुलक, उत्पादनमुलक र प्रतिफल प्राप्तहुने योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले योजना तर्जुमा गर्दा तद्नुसार सहभागितामुलक योजना तर्जुमा गरी कार्यान्वयन गरेता पनि मध्यम तथा दीर्घकालिन प्रकृतिको उत्पादनमुलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरेको एंव दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको छैन । यो वर्ष गाउँपालिकाले पुँजीगत बजेटतर्फ योजनाहरुमा रु. १३ करोड ४८ लाख ९१ हजार खर्च गरेको छ ।

| रु.१ लाख सम्म | रु. १ देखि २ लाख सम्म | रु. २ देखि ३ लाख सम्मका | रु. ३ देखि ४ लाख सम्मका | रु. ४ देखि ५ लाख सम्मका | रु. ५ देखि १० लाख सम्मका | रु. १० लाख भन्दा बढिका | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २४ | ३० | १६ | ६ | ७ | ७ | ५ | ९५ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु.५० हजार देखि रु.१ करोड ४ लाख सम्मका जम्मा ९५ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ८३ वटा योजनाहरु रहेका छन् । यस्ता साना र छरिएर रहेका योजनाहरुले गाउँपालिकाको मध्यम तथा दीर्घकालिन लक्ष्य हासिल गर्न नसक्ने साथै जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रवाह नहुने र निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु दिई प्रतिफलमूलक नतिजा दिन सक्ने मध्यम र दीर्घकालिन प्रकृतिका आयोजना तथा कार्यक्रम छनौट गरिनुपर्दछ ।

१५. **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका गाउँपालिका र वडा स्तरिय आयोजनाहरुको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार पारेको देखिएन । गाउँपालिकाले सञ्चालन गरेका विकास कार्यक्रमहरुको भौतिक तथा वित्तीय प्रगती झल्किने गरी प्रगती विवरण तयार गर्नुपर्दछ ।

१६. **वार्षिक खरिद योजना/गुरुयोजना :**सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले वित्तीय समानीकरण लगायत बिभिन्न शीर्षकबाट यो वर्ष रु.१३,४८,९१,३१०/- को पूँजीगत खर्च/खरिद कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ । अतः यस गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१७. **उपभोक्ता समिति छनौट :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक सम्झौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट

| | | |
|---|---|---|
| | विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ । | |
| १८. | **उपभोक्ता समित दर्ता :**संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । गाउँपालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| १९. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता जुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी गर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन नगर्ने, योजना हस्तान्तरण हुने तथा खर्च सार्वजनिक गर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| २०. | **लागत सहभागिता** : गाउँपालिकाको कार्यालयले योजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, यसरी नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर गाउँपालिकाले यस वर्ष विभिन्न ९५ वटा विकास निर्माण तथा पूर्वाधार योजनामा रु. १३ करोड ४८ लाख ९१ हजार खर्च गरेको भए तापनि ती कुनै पनि आयोजनाका उपभोक्ता समितिबाट नगद सहभागिता व्यहोरेको पाइएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| २१. | **हेभी इक्विपमेण्टको प्रयोग :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| २२. | **जटिल संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले सडक कालोपत्रे, सडक ढलान, आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पार्क निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । | |
| २३. | **आयोजना हस्तान्तरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(१२) को उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत संचालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत बर्ष देखि संचालन गरिएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत हस्तान्तरण गर्ने गरेको छैन । समयमानै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा गाउँपालिकाको ध्यान जानुपर्दछ । | |

२४. **गाउँपालिकाको दररेट :** सार्वजनिक खरिद नियममावली, २०६४ को नियम १०(४) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्ने सिलसिलामा निर्माण सामग्रीको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाका लागि स्थानीय दररेट निर्धारण गरेको छ। गाउँपालिका अध्यक्षबाट मिति २०७५/०४/२० मा स्वीकृत स्थानीय दररेट अनुसार माथिल्लो भेग तथा तल्लो भेग गरी दुई प्रकारको दररेट कायम गरेको छ। जसअनुसार सिमेन्टको दर रु.९०६ र रु.९५६ (जिल्ला दररेट रु.८४१) कायम गरिएको छ भने बालुवा गिट्टी लगायतको दर जिल्ला दररेट भन्दा दोब्बर रु.३६८० कायम गरेको छ। स्थानीय दररेट निर्धारण गर्दा सकेसम्म जिल्ला दररेटमा नबढने गरी गर्नुपर्नेमा गाउँपालिकाले निर्धारण गरेको दररेट जिल्ला दररेट भन्दा बढी देखिएको छ। गाउँपालिकाले दररेट निर्धारण गर्दा आ.व. २०७४/७५ को ज्यालादरमा ६.५% बृद्धि गरेको छ भने मेशिन उपकरण प्रयोग गरी माटो खन्ने काममा सडक विभागबाट कायम गरिएको भाडा दर र नर्म्स अनुसार विश्लेषण गरी दररेट निर्धारण गरेको छ। त्यसैगरी निर्माण सामग्रीको हकमा निर्माण सामग्रीहरुको बजार भाउ सर्वेक्षण, कोटेशन र नेपाल राष्ट्र बैंकको मूल्य सूचाङ्कको आधारमा गाउँपालिका क्षेत्रभित्र लागू हुने गरी दररेट निर्धारण गरेको छ।

२५. **उपभोक्ता समितिलाई मू. अ. कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर बिजक जारी भएको अवस्थामा मात्र मू.अ.कर भुक्तानी दिन मिल्ने तथा सोही ऐनको दफा १५ मा दर्ता नभएको व्यक्ति वा फर्मले मू.अ.कर उठाउन वा असूल गर्न नमिल्ने व्यवस्था छ। उपभोक्ता संस्थाहरु गैर नाफामूलक संस्था भएका र मू.अ.करमा दर्ता पनि नहुने हुनाले मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कारोबार भएको बिजक बेगर कानुनतः त्यस्ता संस्थालाई मू.अ.कर भुक्तानी दिन मिल्ने देखिँदैन। कार्यालयले निम्नलिखित योजनाको लागत अनुमान तयार गर्दास्वीकृत जिल्ला दरमा मूल्य अभिवृद्धि कर थप गरी सोही दरमा सम्झौता गरी उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर समेत भुक्तानी भएको छ। उपभोक्ता समितिबाट निर्माण कार्य गराउदाँ मू.अ.कर बाहेको दर प्रयोग गरी मू.अ.कर बिजक पेश भए बमोजिम मात्र मू.अ.कर भुक्तानी दिने गरी निर्माण कार्यको लागत अनुमान तयारी तथा सम्झौता हनु पर्दछ। साथै उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ता बिल भरपाई स्थानीय निकायले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ। लेखापरीक्षणका लागि छनौट गरिएको तपसिल बमोजिमका उपभोक्ता समितिले मू.अ.कर दर्तावाला फर्मसँग उक्त सामग्री खरिद गरेको मू.अ. कर बिजक अनुसार उपभोक्ता समितिलाई तपसिल बमोजिम बढी मू.अ.कर भुक्तानी भएको छ। तसर्थ उपभोक्ता समितिला बढी भुक्तानी भएको देखिएको मूल्य अभिबृद्धि कर रकम रु ....... १७७३०४/-

| भौ.नं. र मिति | विवरण | बढी भुक्तानी रकम |
|---|---|---|
| २-२०७५/१२/११ | साल्मे किम्ताङ मोटरबाटो निर्माण कार्यमा डोजरको प्रयोगमा मू.अ.कर रु.१,३०,९३३.५९ दिने गरी उपभोक्ता समितिसँग सम्झौता भएकोमा उपभोत्ता समितिले पेश गरेको सिङला कन्स्ट्रक्सन एण्ड सप्लायर्स (६०४२८२८५८)ले जारी गरेको ३ नं. विजक अनुसार रु.६,९६,०००.०० को १३ प्रतिशत मु.अ.कर रु.९०,४८०.०० मात्र हुनुपर्नेमा मू.अ.कर रु.१,०४,०००.०० उल्लेख भएको छ। तर गा.पा. वाट उपभोक्ता समितिलाई सम्झौता बमोजिमको पुरै रकम भुक्तानी भएकोले बढी भुक्तानी मू.अ.कर रु. | ४०४५३.५९ |
| ७-२०७६/०३/९ | साल्मे बुङताङ मोटरबाटो निर्माण कार्यमा डोजरको प्रयोगमा मू.अ.कर रु.२,२०,७४९.०० दिने गरी उपभोक्ता समितिसँग सम्झौता भएकोमा उपभोत्ता समितिले पेश गरेको सिङला कन्स्ट्रक्सन एण्ड सप्लायर्स (६०४२८२८५८)ले जारी गरेको ९ नं. विजक अनुसार रु.२,६१,०००.०० को १३ प्रतिशत मु.अ.कर रु.३३,९३०.०० मात्र हुनुपर्नेमा मू.अ.कर रु.३९,०००.०० उल्लेख भएको छ। साथै संलग्न अन्य बिजक अनुसार जम्मा रु.१,७६,९३०.०० मू.अ. भुक्तानी हुनुपर्नेमा सम्झौता बमोजिमको पुरै रकम भुक्तानी भएकोले बढी भुक्तानी मू.अ.कर रु. | ४३८१९.०० |
| ६५- | कोल्चेत नेपाने सडकको निर्माण कार्यमा डोजरको प्रयोगमा मू.अ.कर | १३१७०.०५ |

| | | |
|---|---|---|
| २०७६/३/०१ | रु.४६,९२९.०५ दिने गरी लागत अनुमानको तथा उपभोक्ता समितिसँग सम्झौता भएकोमा उपभोत्ता समितिले रु.३३,७५९.०० को मात्र मू.अ.कर बिजक पेश गरेको छ । तर गा.पा. वाट उपभोक्ता समितिलाई सम्झौता बमोजिमको पुरै रकम भुक्तानी भएकोले बढी भुक्तानी भएको मू.अ.कर रु. | |
| ७४-२०७६/३/०३ | डोजरको प्रयोगमा रु.६५,९०५.०१ मू.अ.कर समेत समावेश गरी लागत अनुमानको तयारी तथा उपभोक्ता समितिसँग सम्झौता भएकोमा उपभोत्ता समितिले पेश गरेको सिङला कन्स्ट्रक्सन एण्ड सप्लायर्स (६०४२८२८५८)ले जारी गरेको ५ नं. विजक अनुसार रु.४,१९,१४२.४६ को १३ प्रतिशत मु.अ.कर रु.५४,४८८.४६ मात्र हुनुपर्नेमा मू.अ.कर रु.६२,६३०.०० उल्लेख भएको छ । तर गा.पा.बाट सम्झौता बमोजिमको पुरै रकम भुक्तानी भएकोले बढी भुक्तानी मू.अ.कर रु. | ११४१६.५५ |
| १०५-२०७६/०३/९ | धान खेत चामछापा सडक निर्माणमा डोजरको प्रयोगमा रु.१,९८,७६२.९५ मू.अ.कर समेत समावेश गरी लागत अनुमानको तयारी तथा उपभोक्ता समितिसँग सम्झौता भएकोमा उपभोत्ता समितिले रुं१,३४,८४८.०० को मू.अ.कर विजक पेश गरेकोमा गा.पा.बाट सम्झौता बमोजिमको पुरै रकम भुक्तानी भएकोले बढी भुक्तानी मू.अ.कर रु. | ६३९१४.९५ |
| **जम्मा** | | १७३३०४.०७ |

२६. **ग्याविनको दर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स अनुसार गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्यमा प्रयोग हुने ग्याविन तार तथा सो भर्नको लागि अनवश्यक ढुंगा समेतको 3x1x1र 2x1x1को औषत लिई तल्लो भेगको लागि प्रति.घ.मि.रु.४४७३.६०र माथिल्लो भेगको लागि प्रति घ.मि. रु.४८७०.२३ दर कायम गरेको छ । तर उपभोक्ता समितिले पेश गरेको विल अनुसार 3x1x1, 2x1x1र 1.5x1x1 को मेसिन मेड ग्याविन जाली खरिद विदुरबाट खरिद भएको देखिन्छ । यसरी ग्याविन बक्स विदुरबाट खरिद गर्दा जिल्ला दररेटको प्रयोग गरी त्यसमा ढुवानी समावेश सहितको दर रेट विश्लेषण गर्नुपर्नुमा सो गरेको देखिदैन । तर गाउँपालिकाले स्थानीय दर रेटमा ढुवानी समेत समावेश गरेको र त्यसमा मू.अ.कर थपगरी भुक्तानी गरेको देखिन्छ । उक्त जाली विदुरबाट खरिद गर्ने गरी गाउँपालिकाले दर विश्लेषण गर्दाप्रति घ.मि. रु.४०९३.८९ (प्रति ग्यविन बक्स ढुवानी रु.२६१ समेत) मात्र हुने देखिन्छ ।जसबाट ग्याविनमा प्रति घ.मि. ७६६.३४ कममा दरले लागत घटने देखिन्छ । तसर्थ कार्यालयलले दर रेट बिश्लेण गर्दा समान पाउने स्थानलाई आधार लिई दररेट बिश्लेषण गर्ने तर्फ ध्यान दिनु पर्दछ । यसका केही उदाहरणहरु

| गो.भौ मिति | विवरण | प्रयोगभएको ग्याविनको दर रु. | विदुरको दर प्रयोग गर्दा हुन आउने दर रु. | ग्याविनको परिमाण | लागत घटने रु. |
|---|---|---|---|---|---|
| १००-२०७६/३/०९ | घट्टेखोला संरक्षण उपभोक्ता | ४८७०.२३ | ४०९३.८९ | ३९.५० | ३०६६५ |
| ९४-२०७६/३/०८ | पडलिङ जोडसा बोल्दा गङ सडक | ४८७०.२३ | ४०९३.८९ | ५२.४३ | ४०७०४ |
| ५९-२०७६/३/०१ | विलसिङ हुदैं हटिया सडक | ४८७०.२३ | ४०९३.८९ | ५७.५० | ४४६३९ |
| ८५-२०७६/३/०६ | नेङ गङ खोला कल्भर्ट | ४४७३.६० | ४०९३.८९ | ३.५ | १३२९ |
| ७२-२०७६/३/२० | ढोका फेदि खोला नियन्त्रण | ४४७३.६० | ४०९३.८९ | १९९ | ७५५६२ |
| १५५-२०७६/३/२५ | च्याम्पेश्वर मोटर बाटो मर्मत | ४४७३.६० | ४०९३.८९ | ९६.५० | ३६६४२ |

२७. **सिलबन्दी दरभाउपत्रबाट खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(३)(क) मा सिलबन्दी दरभाउपत्रको सुचना प्रकाशन गरी खरिद गर्दा तीन भन्दा कम सिलबन्दी दरभाउपत्र पेश हुन आएमा सो सम्बन्धि कुनै कुरा उल्लेख गरी सोही उपनियम बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्नुपर्ने उल्लेख छ । तर गाउँपालिकाले रु.१९,९९,९७२.६९ (मू.कर समेत) लागत अनुमान भएको ताक्पाचेत वथरभ्राङ सडक मर्मतका लागि सिलबन्दी दरभापत्रको सूचना प्रकाशन गरेकोमा ई विडिङ मार्फत एक मात्र निर्माण व्यवसायीले रु.१९,९२,२७४.९० (मु.अ.कर सहित) कबोल अंकको दरभाउपत्र पेश गरेको छ । जुन लागत

अनुमानको ०.०३७ प्रतिशत घटी रहेको छ । यसरी एउटा मात्र दरभाउपत्र पेश भएको अवस्थामा नियमावलीको व्यवस्था बमोजिम पुनः सुचना प्रकाशन गर्नुपर्नेमा सो नगरी दरभाउपत्रको मुल्यांकन गरी निर्माण कार्यको सम्झौता गरेको छ । त्यसैले गाउँपालिकाले आगामि दिनमा खरिद कार्य गर्दा सार्वजनिक ऐन तथा नियमावलीको व्यवस्था बमोजिम खरिद कारबाही गर्नुपर्दछ ।

२८. **न्यून प्रतिस्पर्धाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) तथा नियमावली २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउने गरी खरिद कारबाही सञ्चालन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ठेक्का व्यवस्थापन गरेका निम्न खरिद कार्यमा प्रतिस्पर्धाको अवस्था यस प्रकार रहेको छ :

| ठेक्का नं. | कार्य विवरण | लागत अनुमान | बोलपत्र संख्या | | सम्झौता रकम | बढी प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | बिक्री | दर्ता | | |
| १३ | शान्ती बजार सातदोबाटो सडक स्तरउन्नती | २९९११७९ | E-bid | १ | ३००११८२ | ०.०७ |

उपरोक्त विवरण अनुसार कार्यालयबाट यसबर्ष संचालन भएका खरिद कार्यहरु मध्ये १ ठेक्काको लागत अनुमानको तुलनामा ०.०७प्रतिशतले बढी कबोल अंक रहेको छ ।

२९. **प्रतिस्पर्धा :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५(२) मा बोलपत्रदाताले सन्तोषजनक रुपमा काम सम्पन्न गर्न नसक्ने गरी न्यून कबोल अंक उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेसिफिकेशन गलत रुपमा बुझि वा नबुझि अस्वाभाविक न्यून कबोल अङ्क उल्लेख गरेमा निर्माण कार्यको बोलपत्रको विशेष मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ । बोलपत्रदाताले वि.ओ.क्यू.को आइटमको लागि अस्वाभाविक उच्च अंक वा अस्वाभाविक न्यून अंक उल्लेख गरेको अवस्थामा निजलाई स्पष्टिकरण सोधिने र त्यस्तो स्पष्टिकरण सन्तोषजनक नभएमा बोलपत्र अस्वीकृत गर्न सकिने उल्लेख छ । प्राप्त विवरण अनुसार कतिपय ठेक्कामा अस्वाभाविक रुपमा न्यून कबोल अंक पेश गरेको बोलपत्र स्वीकृत गरेको छ । लागत अनुमानको तुलनामा ४५ देखी ६० प्रतिशतसम्म घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । नियममा भएको व्यवस्था बमोजिम ती बोलपत्रहरुको विशेष मूल्याङ्कन गरी सझौता गरेको छ । लागत अनुमानको तुलनामा अत्याधिक न्यून कबोल अंकमा निर्माण कार्यको सम्झौता गरेको हुँदा गुणस्तरीय रुपमा निर्माण कार्य सम्पन्न हुन्छ भन्ने विश्वास गर्न सकिएन ।

| ठेक्का नं. | कार्यको विवरण | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १० | किर्नेवगर भाल्चे सडक स्तरउन्नती | उइचेन कन्स्ट्रक्सन | ४४९९८६७ | २१७२९८६ | ५१.७१ |
| १५ | किस्पाङ पर्यटकीय पूर्वाधार निर्माण | शिव दुती चेतना जे.भि. | १९२२०४०० | १०४८०३२८ | ४५.४७ |
| ६ | गाउँपालिका डावा जोडने बाटो | त्रिवेणी कन्स्ट्रक्सन | २८९२३४२ | १७०७९२८ | ४०.९५ |
| १ | भाल्चे गो.गो भञ्ज्यां | उइचेन कन्स्ट्रक्सन | १९८०१५७ | ९३०४७६ | ५३.०१ |
| २ | किर्ने बगर च्याम्पापुतलि साल्मे | श्रीकृष्ण कन्स्ट्रक्सन | ९६१५६०० | ४८८३७६३ | ४९.२१ |
| ३ | गोंगो भञ्ज्यां जिरजे पनेइन्ट देखि साल्मे | सार्वजनिक निर्माण सेवा | २४०२८४९ | १०९८८२३ | ५४.२७ |
| ४ | वडा नं. ५ कार्यालय जोडने बाटो | विकेश एण्ड आयूश निर्माण सेवा | २८८४५९१ | ११५६७२१ | ५९.९ |
| ५ | घघट्टखोला ऐसेलु सडक | उइचेन कन्स्ट्रक्सन | २७५६६०६ | १६०७९२८ | ४१.६७ |
| ७ | शान्तिबजार बागखोर सातदोबाटो | वि.एम. कन्स्ट्रक्सन | ७६९१९१६ | ४२३४४०० | ४४.९५ |
| ८ | कामी डाडा डि गाउँ हे.पा. हुदै ध्याम्पा पुतलि सडक | रत्न श्रेष्ठ एण्ड वि एन जे.भि. | १०५७५७४१ | ५८५७९०३ | ४४.६१ |
| ९ | ताप्चेत किस्पाङ सडक | सार्वजनिक निर्माण सेवा | ४८८९०५८ | २५९५११२ | ४६.९२ |

३०. **बिमामा बढी भुक्तानी :**सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२(१) मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गराउनुपर्ने व्यवस्था छ ।साथै लागत अनुमानमा पि.एस. तर्फ राखिएका निर्माण कार्य तथा सो सँग सम्बन्धीत कार्य भएको अवस्थामा निर्माण व्यवसायिले पेश गरेको विजक अनुसारको रकम भुक्तानी दिनुपर्दछ । कार्यालयले निम्नलिखत ठेक्कामा पि.एस.अन्तर्गत राखेको बिमा वापतको रकम भुक्तानीमा निर्माण व्यवसायिद्वारा पेश भएको मु.अ.कर विजकको मु.अ.कर समेतको रकममा पुनः मु.अ.कर दिएको देखिन्छ । जसवाट निर्माण व्यवसायिले पेश गरेको विजक भन्दा रु.९०९८।०८ बढी भुक्तानी भएको देखिएको रकम असूल हुनुपर्ने रु. ९०९८.४८

| ठे.नं. | निमाण कार्य | निर्माण व्यवसायी | निर्माण व्यवसायीले पेश गरेको विजक (मू.अ.कर समेत) | कार्यालयबाट भुक्तानी भएको रु.(मू.अ.कर समेत) | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १० | किर्नेवगर भाल्चे सडक स्तरउन्नती | उइचेन कन्स्ट्रक्सन | १५७७०.२८ | १७८२०.४२ | २०५०.१४ |
| १५ | किस्पाङ पर्यटकीय पूर्वाधार निर्माण | शिव दुती चेतना जे.भि. | ५४२१८.०० | ६१२६६.३४ | ७०४८.३४ |
| **जम्मा** | | | **६९९८८.२८** | **७९०८६.७६** | **९०९८.४८** |

३१. **कार्य सम्पादन जमानत :** सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(४) मा बोलपत्र दातासँग खरिद सम्झौता गर्दा लागत अनुमान भन्दा १५ प्रतिशत सम्म कम अंक कबोल गरेमा कबोल अंकको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटी कबोल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले बढी कबोल गरेको छ सोको ५० प्रतिशतले हुन आउने रकम कबोल अंकको ५ प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नुपर्ने उल्लेख छ । कार्य सम्पादन जमानत बापतको रकम दाखिला गर्दा मू.अ. कर समेत थप गर्दा हुने अंकको हिसाब गरी दाखिला गर्नुपर्ने भनी सम्झौतामा उल्लेख छ । तर गाउँपालिका कार्यालयले मू.अ. कर बाहेकको सम्झौता अंकलाई गणना गरी कार्य सम्पादन जमानत लिने गरेको देखियो । तसर्थ लेखापरीक्षण गरिएको निम्न निर्माण कार्यको घटी कार्यसम्पादन लिएको रकम थप गर्नुपर्ने देखिएको रु. ३९६५२३/-

गाउँपालिकाबाटयस वर्ष संचालन गरिएका सबै ठेक्का पट्टामा कार्यसम्पादन जमानत मू.अ.कर बाहेको रकममा लिएको तथा घटी हुन गएको कार्यसम्पादन जमान थप गर्न पत्राचार गरिसकेको कार्यालयको भनाई रहेको छ ।

साथै निर्माण सम्पन्न भईसकेकोले उक्त ठेक्काहरुमा घटी राखिएको कार्य सम्पादन जमानत रकम यहाँ उल्लेख गरिएको छैन । तर गाउँपालिकाले आगामि दिनमा निर्माण कार्यको ठेक्का सम्झौता गर्दा मू.अ.कर सहितको रकममा कार्यसम्पमदन लिन तर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ ।

| ठे.नं. र निर्माण कार्य | निर्माण व्यवसायी | मू.अ. सहितको लागत अनुमान | मू.अ. सहितको कबोल अंक | आवश्यक कार्य सम्पादन जमानत रकम | लिएको कार्य सम्पदान रकम | घटी रकम |
|---|---|---|---|---|---|---|
| १५, किस्पाङ पर्यटकीय पूर्वाधार निर्माण | श्री शिव दुती चेतना जे.भि. | १९२२०४०० | १०४८०३२८ | ३४५२५२३ | ३०५६००० | ३९६५२३ |

३२. **सोझै खरिद** :सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी सोझै खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था सोही नियमावलीको ३१(१) मा रहेको छ । कार्यालयले निम्न अनुसारका रु.३२,७४,७३४.०० को सोझै खरिद गरेको देखिएको छ ।

यस सम्बन्धमा कार्यालयसँग छलफल गर्दा यस वर्ष वर्षा जेष्ठ मै सुरु भएको र विभिन्न स्थानमा विभिन्न मितिमा पहिरो गई बाटो अवरुद्ध भएकोले एउटै प्याकेज बनाउन नसकिएको कार्यालयको भनाई रहेको छ ।

| भौ.नं. मिति | विवरण | निर्माण व्यसायी/सप्लायर्स | रकम रु. |
|---|---|---|---|
| ९१-२०७६/०३/०८ | घट्टेखोला ऐसेलु स्याले चारखोला सडक मर्मत | अन्नपूर्ण निर्माण सेवा | ४९१९७१.०० |
| १०२-२०७६/०३/०९ | गाउँपालिका डावाचेत सडक मर्मत | लव कुश कन्स्ट्रक्सन प्रा.लि. | ४९२७६८.०० |
| ११०-२०७६/०३/०९ | कामीडाँडा चम्पाकुतरी सडक मर्मत | वि.वाई.एन. कन्स्ट्रक्सन प्रा.लि. | ४९३८६६.०० |
| १२२-२०७६/०३/२२ | किर्नेवगर चम्पाकुतारी सडक मर्मत | चेत्रेगंगा इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ४९४५६३.०० |

| | | | |
|---|---|---|---|
| १५६-२०७६/०३/२५ | सि.सि.टिभी लगायत सेसनरी समान | टेडेक्स इन्टरप्राईजेज प्रा.लि. | ४७९९८८.०० |
| २०३-२०७६/०३/२० | लेन्थ वर्कको लागि आवश्यक समान | रिलायवल हाडएवयर एण्ड सव्लायर्स | ४५०७५७.०० |
| ४६-२०७५/१२/११ | भाल्चे साल्मे सडक मर्मत | इन्काउन्टर निर्माण सेवा | ३७०८२१.०० |
| | | | ३२७४७३४.०० |

३३. **कन्टिन्जेन्सी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची (१) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि कुल लागतको २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी खर्च गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले लागत अनुमान तयार गर्दा सबै योजनाहरुमा मर्मत कन्टिन्जेन्सी ३ प्रतिशत कट्टी गरी उपभोक्तालाई भुक्तानी दिने गरेको देखिन्छ । तर कार्यालयले खर्च गर्ने कन्टिन्जेन्सीको व्यवस्थित अभिलेख नराखी एकमुष्ट खर्च गर्ने गरेको छ । तसर्थ कटिन्जेन्सीको व्यवस्थित अभिलेख राखि खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३४. **१३–२०७५/८/१९/बढी भुक्तानी :–** कामीडाडा देखी भाल्चे सम्मको सडक मर्मत कार्यको रु २५,८०,९३९ को लागत अनुमान भएको र सो अनुसार १५ प्रतिशत उपभोक्ता समितिवाट व्यहोर्ने गरि मिति २०७५/५/१० मा सम्झौता भएको देखिन्छ । उक्त वाटोको मर्मतको नापि र कार्यसम्पन्न प्रतिवेदन अनुसार रु २५,८०,९३९ को काम भए अनुसार सो को ८५ प्रतिशतले हुने रु.२१,९३,६९८ मात्र खर्च लेख्नु पर्नेमा रु २२,५१,८६९ उपभोक्ता समितिलाई भुक्तानी खर्च लेखेको देखिएकोले बढी भुक्तानी भएको रु ५८,०७१ असुल हुनु पर्ने रु......... ५८०७१/-

३५. **मू.अ.कर :–**मेसिनद्वारा सबै प्रकारका माटो काटने कामको लागि रु ९३।७९ मध्यम चटान काटने कामको लागि रु ५६५ र कडा चटान काटने कामको लागि रु ८४७।५० मू अ कर समेतको दररेट कायम भएको देखिन्छ । उपभोक्ता समितिवाट उक्त कार्यको मू अ कर विल र ज्यालाको भर्पाइ गाउँपालिकामा पेश भएको छ । कामको मूल्याङकन गर्दा मू अ कर सहितको दररेटवाट मूल्याङ्कन भएको देखिएकोले मू अ कर नलाग्ने रकममा समेत मू अ कर थप गरी खर्च हुन गएको देखिएकाकोले बढी खर्च भएको मू.अ.कर रकम असुल हुनु पर्नेरु. १२८१७६/-

| **भौ. नं. मिति** | **योजनाको नाम** | **मुल्याङकन रकम** | **मू अ कर खर्च** | **मू अ कर विल** | **बढी खर्च** |
|---|---|---|---|---|---|
| ११-०७५/८/१९ | वाडा नं. १ मोटर वाटो मर्मत | ५६३४३० | ६४८१९ | ६१६८६ | ३१३३ |
| १२-०७५/८/१९ | तल्लो काहुले र फिकुरे सडक मर्मत | २०७२९४६ | २३८४८० | २११०८८ | २७३९२ |
| १४-०७५/८/१९ | फिकुरे मनकामना सम्म सडक मर्मत | ९६६०३७ | १११९३७ | ७८१६४ | ३२९७३ |
| १७७-०७६/३/९ | उपल्लोथोक भूमेस्थान खेल मैदान निर्माण | १७१७४७१ | १९७५३१ | १३८०८८ | ५९४४३ |
| १८८-०७६/३/२९ | गलवदी मोटर वाटो निर्माण | ४५३२७९ | ५२१४७ | ४६९१२ | ५२३५ |
| **जम्मा** | | | | | **१२८१७६/-** |

३६. १९५–०७५/८/१९/**कार्य सम्पन्न :–** ठेक्का नं. ४/२०७५/०७६ वडा नं. ५ कार्यालय भवन देखी अरचले जोडने सडक निर्माण कार्यको रु २८८४३३५।८३ मू अ कर समेतको लागत अनुमान भए अनुसार ठेकेदार विकाश एण्ड आयुष निर्माणसंग रु ११५६७२१।८३ (मू अ कर समेत) मा मिति २०७६/१/३० भित्र काम सम्पन्न गर्ने गरी मिति २०७५/८/२७ मा सम्झौता भएको देखिन्छ । उक्त कार्यको यो वर्ष प्रथम विलको रु ७४९०६९ मात्र भुक्तानी खर्च लेखेको छ । अर्थात उक्त कार्य यो वर्ष सम्पन्न भएको देखिएन ।

३७. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । यस

वर्ष गाउँपालिकाले रु.३,३८,६९,३००/- सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :-

(क) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार तोकिएको मिति भित्र सामाजिक सुरक्षा भत्ता वितरण गरेको छैन ।

(ख) लेखापरीक्षणका क्रममा यस आ.ब. मा विभिन्न कारण लगत कट्टा भएका लाभग्राहीको संख्या यकिन भएको अद्यावधिक विवरण उपलब्ध हुन सकेन ।

(ग) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण नगरी सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ ।

(घ) हाल स्थानीय तहमा बैकिङ्ग सुविधा उपलब्ध भईसकेको अवस्थामा निर्देशिका अनुसार सम्पूर्ण वडाहरुको सामाजिक सुरक्षा भत्ता वितरणलाई बैकिङ्ग प्रणालीसँग आवद्ध गरेको छैन ।

(ङ) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छैन ।

त्यसैले सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन गाउँपालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

**सशर्त अनुदान**

३८. शौचालय निर्माणः– शिक्षा तथा मानव श्रोत विकास केन्द्र भक्तपुरवाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/२०७६ मा पानी तथा स्वास्थ र सरसफाई सुविधा सहितको शौचालय निर्माणको लागी विद्यालय छनौट गर्नु पर्ने र छनौट भएका विद्यालयका लागि प्रति विद्यालय रु ७००००० उपलब्ध गराने उल्लेख छ । तर गाउँपालिकाले रु..... ज्योती मा. वि. लाई एकमुष्ट रकम ७ लाख उपलब्ध गराउनु पर्नेमा ४ प्रतिशत रु २८००० कन्टिजेन्सी कट्टी गरि रु ६७२००० मात्र निकासा दिएको पाइयो तर उक्त कन्टिजेन्सी रकम कट्टी गर्न पाउने नियममा व्यवस्था भएको नदेखिएको रु — २८०००/-

३९. **नछुटयाई एकै ठाउँमा खर्चः–** गाउँपालिकाले सशर्त तर्फ प्राप्त भएको रकमको छुटै श्रेस्ता खडा् गरि राख्नु पर्नेमा सो गरेको देखिएन । समानिकण पूँजिगतवाट खर्च लेख्नु पर्ने रकम र सशर्तवाट विषयगत तर्फ ( शिक्षा , स्वास्थ, कृषि , पशु महिला) खर्च भएका रकमको एकै ठाउँमा श्रेस्ता खाडा गरेको कारण कुन रकम समानिकरण तर्फको हो र कुन रकम सशर्त तर्फको हो यकिन गर्न सहज भएन । गाउँपालिकाले आर्थिक वर्षको अन्त्यमा तयार गरेको हिसाब विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । तापनि यस प्रकारको खर्च अलग अलग देखिने गरि हिसाब तयार गर्ने कार्यमा सुधार हुनु पर्दछ ।

४०. ६८–३/३१ आय कर ऐन २०५८ अनुसार पारिश्रमिक वितरणमा १५ प्रतिशत कर काट्नु पर्ने व्यवस्था छ । जस अनुसार ना. प. स्वा. प्रा. श्री कृष्ण बजगाइले निम्न कार्यक्रमको पारिश्रमिक वितरण गर्दा कट्टी गरेको कर दाखिला गरेको नदेखिएको रु ..... — ७५०४/-

| कार्यक्रम | पारिश्रमिक भुक्तानी | कट्टि गरेको कर |
|---|---|---|
| बाखा खोर वितरण | २०००० | ३००० |
| लेयस र लोकल कुखुरा वितरण | २०००० | ३००० |
| सुत्केरी भत्ता वितरण | १००२६ | १५०४ |
| **जम्मा** | | ७५०४ |

४१. ६३–०७६/३/२९ किसान एग्रो मार्ट प्रा. लि. वाट निम्नानुसार ५ वटा बोकाको मूल्य रु ५९०००० मा खरिद गरेकोमा सो को ५० प्रतिशतले हुने मूल्य रु २९५००० गाउँपालिकाले खर्च लेखेको छ । खरिद भएका ५ बोका गाउँपालिकाका १ देखी ५ वडाका बाखा पालक किसान/फार्मलाइ वितरण गरेको देखिन्छ । तर बोका वितरण गर्दा शर्त सहितको कबुलियतनामा गाराउनु पर्नेमा गरएको छैन । साथै खरिद भएका बोकाको मूल्य समेत यकिन गर्ने आधार नभएको र बढी दरमा खरिद भएको मूल्य विस्वस्थ हुन सक्ने अवथाको देखिएन ।

| बोकाको सं. | दर | मूल्य |
|---|---|---|
| १०० प्रतिशत वोयर–१ | २९०००० | २९०००० |
| ५० प्रतिशत वोयर–४ | ७५००० | ३००००० |
| जम्मा | | ५९०००० |

४२. २६–०७५/११/२८,५८–०७६/३/३० नमुना विद्यालय :– शिक्षा तथा मानव श्रोत विकास केन्द्र भक्तपुरवाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका ०७५/०७६ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण वापत रु १ करोड ५० लाख अनुदान उपलब्ध गराउनु पर्ने उल्लेख छ । नमुना विद्यालयको रुपमा छनौट भइ सञ्चालनमा रहेको विद्यालयहरुको गुरुयोजना स्वीकृत गराइ स्वीकृत गुरु योजनाले तोकेको क्षेत्रमा विद्यालय भौतिक निर्माण तथा शैक्षिक विकासका कामहरु गर्ने उल्लेख छ । तर यस गाउँपालिकाले नमुना विद्यालय छनौटमा परेको ऐसेलु भूमि मा. वि. लाइ भौतिक र शैक्षिक पूर्वाधार निर्माण गर्न प्रथम किस्ता वापत रु ३९२०००० पेश्की उपलब्ध गराएकोमा मिति ०७६/३/३० मा दोश्रो किस्ता वापत रु १ करोड ५० लाख खर्च लेखी रु ३९२०००० पेश्की फछर्योट गरेको देखियो । दोश्रो किस्ता सम्ममा खर्च लेखेको रु १५०००००० मध्ये रु ८०५९०४५ बजेट खर्च जनाइ रु ६९४०९५५/– पेश्की कायम गरि उक्त रकम रोक्का राख्न बैंकलाइ मिति ०७६/३/३० मा पत्र लेखेकोमा पुनः मिति ०७६/४/२३ मा रु २८८५७६१ फुकुवा गर्न पत्र लेखेको छ । सो वाहेक रु ४०५५१९४ अझै बैंकमा रोक्का राखेको देखिन्छ । यस प्रकार खर्च लेख्ने गरि कार्यक्रम कायान्वयन पुस्तिकाले तोकेको छैन । ता पनि विद्यालयले खर्च गरेको रकमको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने देखिएको रु .. १५००००००/

४३. ११६–०७६/३/३१ स्वास्थ संयोजक श्री चक्र बहादुर शाहीले पेश गरेको फाँटवारी अनुसार निम्न कार्यक्रम सञ्चालन गरेको भनि निम्न खर्च दावी गरेकोमा सो कार्यक्रम सञ्चालन गर्दा कट्टि भएको पारिश्रमिक तथा अग्रिम कर दाखिला नभएको रु ....... २९६२/-

| कार्यक्रम | पे फ रकम | दाखिला हुन बाँकि कर |
|---|---|---|
| नसर्ने रोग अन्तरकिया | ५०००० | ४५० |
| मासिक समिक्षा | ३४४०० | १३५० |
| विपत व्यवस्थापन गोष्टी | ५०००० | ११४० |
| खोप महिना समिक्षा | ४८००० | २२.५० |
| जम्मा | | २९६२.५ |

४४. रसिद नियन्त्रण खाता नराखेको :– गाउँपालिका कार्यालयले वडाहरुवाट प्राप्त हुने आम्दानी -मालपोत तथा अन्य दस्तुर) व्यवस्थित गर्नको लागी आम्दानी प्राप्त गर्दा प्रयोग गरिने म. ले. प. फ. नं. ११ नगदि रसिद ठेली के कति प्राप्त भएको मध्ये के कति र कुन नम्बर के कहा प्रयोग भएको छ स्पष्ट देखिने गरि नगदि रसिद नियन्त्रण खाता राख्नु पर्नेमा सो राखेको छैन । जसले गर्दा कार्यालय र वडाहरुमा प्रयोग भएका नगदि रसिद याथार्थ हुन होइनन् यकिन गर्न सकिने अवस्था छैन तसर्थ यस तर्फ आवश्यक सुधार हुनु पर्ने देखिन्छ ।

४५. प्रयोग भएका ठेली कार्यालयमा प्राप्त नभएको :– वडा कार्यालयहरुले आ. व. ०७५/०७६ मा प्रयोग गरेको नगदि रसिद ठेली गाउँपालिकामा फिर्ता नगरेको कारण वडागत असुली रकम र दाखिला रकम भिडान गर्न सकिने अवस्था देखिएन । तसर्थ एक आर्थिक वर्षमा प्रयोग भएका नगदि रसिद आर्थिक वर्ष सामाप्त भएपछि गाउँपालिका कार्यालयमा बुझाई सो वाट प्राप्त आम्दानी दाखिला भयो भएन गाउँपालिकाले यकिन गरी नपुग भएमा दाखिला समेत गर्न लागाउनु पर्ने देखिन्छ । यस वर्ष वडाहरुवाट रु ९६०२७९।२० आम्दानी देखाएता पनि प्रयोग भएको ठेली छैन । तसर्थ यस तर्फ आवश्यक सुधार हुनु पर्दछ ।

४६. **झोलुङ्गे पूल तर्फ**

१३४–३/२४ गाउँपालिका कार्यालय र विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स नेपाल) बिच मिति २०७५/१०/९ मा भएको सम्झौता अनुसार निम्न झोलुङ्गे पूलको चरणबद्ध प्रगति अनुसार पूलको कूल लागतमा आधारित सेवा शुल्क भुक्तानी तरिका अनुसार ३० प्रतिशत सेवा शुल्क सर्भे, डिजाइन, लागत इस्टिमेट (डि. पी आर) तयार भए पछि उपलब्ध गराउने उल्लेख भए अनुसार निम्न पूलको सेवा शुल्क वापत उक्त संस्थालाई रु १५८०९५।४० उपलब्ध गराएको देखिन्छ । निजले उक्त रकम भुक्तानी माग गर्दा कर विजक पेश गनु पर्नेमा गरेको छैन । जसको कारण सेवा शुल्क भुक्तानीमा १५ प्रतिशत कर कट्टि गर्न पर्नेमा १.५ प्रतिशतले रु २३७१.४३ कट्टि गरेकोले नपुग १३.५ प्रतिशतले हुने रु २१३४२।८८ असुल हुनु पर्ने रु..

| झोलुङ्ग पूल | गैर स. संस्थाले पाउने रकम | हाल भुक्तानी भएको रकम |
|---|---|---|
| आकुरा | १६७३८९ | ५०२१६.६७ |
| तरडरुङ | २०२६६२ | ६०७९८.६१ |
| सुले डाडा | १५६९३४ | ४७०८०.१२ |
| जम्मा | | १५८०९५.४ |

**अनुसूची– १**

# किस्पाङ गाउँपालिकाकोसञ्चित कोष विवरण
## २०७५/७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | किस्पाङ गाउँपालिका | नुवाकोट | १६५४२ | ६७६७७ | १७४८२० | ५८२९७ | ३००७९४ | १५३५०७ | १२१७२२ | १२८१६ | २८८०४५ | २९२९१ |

**अनुसूची- २**

# बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७५/७६

(रु.हजारमा)

| सि.नं. | स्थानीय तहको नाम | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | किस्पाङ गाउँपालिका | नुवाकोट | ३६ | १९ | २०७४८ | ० | ९ | ४९१९ | ३६ | १० | १५८२९ | ४०४ | ० | १५४२५ | ० | ० | १५४२५ | ० | ० | ० |

**अनुसूची– ३**

# अद्यावधिक बेरुजू स्थिति

(रु.हजारमा)

| सि.नं. | स्थानीय तहको नाम | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प. बाट कायम | यस वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | किस्पाङ गाउँपालिका | नुवाकोट | १६४ | १५० | १४ | ० | १५८२९ | १५८४३ |